# TCP-PIAT समाचार

## तराई सिंचित कृषि प्रबर्द्धन प्राबिधिक सहायता परियोजना

"पानीको अधिकतम उपयोग, बजारमुखी उत्पादनमा जोड"

अंक ६ बैशाख-जेष्ठ , २०८१



शाखा नहर १७ मा सिंचाइ सेवा शुल्क सङ्कलनमा तिब्रता




शाखा नहर १० मा खेतमा पानी व्यवस्थापनमा सुधार

## TCP-PIAT को संयुक्त समन्वय समितिको ५ औ बैठकद्वारा परियोजना डिजाइन म्याट्रिक्सका लक्ष्यका केही सूचकहरू सशोधन

कन्काई सिंचाइ व्यवस्थापन कार्यालयका प्रमुख तथा TCP-PIAT परियोजना प्रबन्धक श्री उमेश कुमार सुजखुले तराई सिंचित कृषि प्रवर्द्धन प्राविधिक सहायता परियोजना (TCP-PIAT) को संयुक्त समन्वय समितिको मिति २०८० चैत्र २१ गते (अप्रिल ३, २०२४) को ५औ बैठकमा परियोजनाका (क) पानी वितरण योजना तर्जुमा र कार्यान्वयन,(ख) वार्षिक मर्मतसम्भार योजना तर्जुमा र त्यसको कार्यान्वयन, र (ग) सिंचाइ सेवा शुल्क सङ्कलन सम्बन्धी तिन सूचकहरूको परियोजना अन्तिम लक्ष्य मान परिमार्जन गर्न प्रस्ताव पेश गर्नु भएको थियो । परियोजनाका हाल सम्मको उपलब्धि, परियोजनाको बाँकी अवधि र अन्य कटिनाई तथा चुनौतीहरूको समीक्षाका आधारमा बैठकले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र जापान अन्तर्राष्ट्रिय सहयोग नियोगलाई यी सूचकहरूको लक्ष्य मान परिमार्जन गर्न सिफारिस गरेको छ। शिबसताक्षी, झापा स्थित कन्काई नहर जल उपभोक्ता संस्थाको बैठक हलमा आयोजित समितिको ५औं बैठक भौतिक तथा भर्चुवल उपस्थितिमा सम्पन्न भएको थियो। बैठकको अध्यक्षता ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री शिशिर कोइराला द्वारा भर्चुवल रुपमा भएको थियो भने ,बैठकको संयोजन जलस्रोत तथा सिंचाइ विभागका उपमहानिर्देशक तथा परियोजना निर्देशक श्री टीकाराम बरालले र बैठक संचालन वरिष्ठ डिभिजनल इन्जिनियर श्री मनोज पन्थले गर्नु भएको थियो।

माथि उल्लिखित सूचकहरूको लागि लक्ष्य मानहरू परिमार्जन गर्न आवश्यक भएको पुष्टि गर्दै ,शिवसताक्षी नगरपालिकाका मेयर श्री मेगाहाङ थोप्रा , गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष श्री फुलवति राजवंशी ,कोशी प्रदेशका खानेपानी ,सिंचाइ तथा ऊर्जा मन्त्रालयका सचिव श्री प्रदीप बान्तवाले विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ को असर, मुल नहरको हेड वर्क्स र शाखा नहरहरुको मर्मत सम्भार कार्य र तराइका अन्य सिंचाइ प्रणालीहरुमा विस्तार गरिने कन्काई मोडेलको पुष्टि र प्रमाणीकरण गर्नु पर्ने जस्ता कार्यलाई ध्यानमा राखी परियोजनाको अवधि कम्तीमा दुई वर्ष थप गर्न नेपाल सरकार र जापान अन्तर्राष्ट्रिय सहयोग नियोगलाई अनुरोध गर्नुभएको थियो । यो बैठकमा सबै सहभागीहरुले यो अनुरोधलाई एकमतमा समर्थन गर्दै परियोजना अवधि थप गर्न जोड दिएका थिए । जाईका नेपालको तर्फबाट वरिष्ठ प्रतिनिधि श्री केनिचिरो ईजुकाले परियोजनाको कार्यसम्पादन र वस्तुगतरुपमा देखिएको प्रभावहरू प्रति खुसी व्यक्त गर्दै यो संदेश जाइका मुख्यालय, टोकियो, जापान समक्ष पेश गर्ने बैठकलाई अवगत गराउनु भएको थियो ।


## कन्काई सिंचाइ प्रणाली क्षेत्रमा यान्त्रिक विधिबाट धान रोपण प्रदर्शन सम्पन्न



शिवसताक्षी नगरपालिकाका मेयर द्वारा ट्रांस्प्लान्टरबाट धान रोपाईको उदघाटन

चैते धानको प्रवर्द्धन, उत्पादन र उत्पादकत्व वृद्धि , उत्पादन लागत न्यूनीकरण र कृषि श्रमिक अभावको चुनौती सामना गर्न कृषकहरुलाई कृषि ज्ञान केन्द्र झापाले TCP-PIAT, कन्काई सिंचाइ प्रणाली कमाण्ड क्षेत्र अवस्थित चार पालिकाका कृषि विकास शाखा ( शिवसताक्षी, कमल, गौरादह र गौरीगञ्ज) र साना किसान कृषि सहकारीहरूको सहकार्यमा गत २०८० फागुन महिनामा यान्त्रिक बिधिबाट धान रोपण प्रदर्शन गरेको थियो । यस क्षेत्रका धेरै कृषकहरुले यो प्रदर्शन यस अघि सुनेका सम्म वा कुनै फार्महरुमा देखेका भए पनि कसैले पनि यसको प्रभाकारिता र फाईदाहरु स्वयं अनुभव गरेका थिएनन् । २०८० को चैते धान सिजनमा कन्काई सिंचाइ प्रणाली क्षेत्रका १६ स्थानमा यो प्रबिधि प्रदर्शन संचालन गरिएको थियो जसमा कृषि ज्ञान केन्द्रले ट्रान्सप्लान्टरको भाडा आफै व्यहोरी ३ वटा ट्रान्सप्लान्टर उपलब्ध गराएका थिए । कार्यक्रममा सहभागी कृषकहरूले मेसिनबाट धान रोपण प्रविधिको प्रशंसा गरेका छन् । प्रदर्शनमा भाग लिएका कृषकहरु धान रोपन समय र लागत खर्चमा धेरै बचत भएकोमा यो विधि प्रति सन्तुष्ट तथा उत्साहित भएका छन् । साथै कृषकहरू यो प्रविधिबाट उत्पादन समेत वृद्धि भई आम्दानी बढ्नेमा ढुक्क देखिन्छन। यो प्रविधिलाई आगामी वर्षा र वसन्त ऋतुहरूमा थप बिस्तार गर्न कृषि ज्ञान केन्द्र ,स्थानीय सरकारहरू, TCP-PIAT र प्रदर्शनमा भाग लिएका कृषकहरुले बालीको अवस्थालाई विशेपरूपमा अनुगमन गरिरहेका छन् । यो मेसिनको मुख्य समस्या भनेको यसको मूल्य हो । प्रति एक थान मेसिनको मुल्य करिब ने.रु. २८ लाख पर्ने भएकोले आम कृषकको क्षमता बाहिर देखिन्छ । तर यो प्रविधिको प्रयोगबाट परम्परागत प्रविधिको तुलनामा ३० प्रतिशत सम्म उत्पादन लागत बचत हुने र उत्पादन १० देखि १५ प्रतिशत सम्म वृद्धि हुने कृषि ज्ञान केन्द्रका प्रमुख श्री सागर बिष्ट भन्नु हुन्छ ।


## कमल गाउँपालिका स्थित बालुबारी कृषक समूहले लेजर ल्यान्ड लेभलरद्वारा सम्याइएको जग्गामा यान्त्रिक धान रोपण प्रबिधिद्वारा चैते धान रोपण



*कमल गा.पा. वडा नं १ का वालुवारी कृषक समुह द्वारा शाखा नहर १४ मा ल्याण्ड लेभलर द्वारा जग्गा सम्याउदै*

कमल गाउँपालिकाको वडा नम्बर १ अवस्थित बालुबारी कृषक समूह सक्रिय किसान समूहहरू मध्येको एक हो। यस कृषक समूहका सदस्यहरू शाखा नहर समिति -१४ अन्तर्गत प्रशाखा नहर समिति ४,५ र ६ का जल उपभोक्ताहरु हुन् । व्यावसायिक कृषि तर्फ अग्रसर यस समूहले कमल गाउपालिकाको कृषि विकास शाखासँग सम्पर्क स्थापित गरेदेखि नियमित रूपमा प्राविधिक र आर्थिक सहयोग प्राप्त गर्दै आएको छ । कमल गाउँपालिकाले शाखा नहर १४ अन्तर्गत प्रशाखा नहर ४,५ र ६ लाई बिस्तारित साइटको रूपमा चयन गरेकोले यस समूहलाई कृषि ज्ञान केन्द्र, झापा लगायत पालिकाका कृषि विकास शाखा र TCP-PIAT सँग सहकार्य गर्ने थप अवसर प्राप्त भएको छ । यो समूहले करिब १४ हेक्टर (२० बिगाहा ) को एकीकृत ब्लक बनाउन छिमेकी जग्गा धनिहरुबाट जग्गा भाडामा लिएको छ। यो सुविधाको उपयोग गर्दै यो समूहले कन्काई नहर जल उपभोक्ता संस्थाबाट उपलब्ध लेजर ल्यान्ड लेभलर प्रयोग गरी पहिलो पटक जग्गा सम्याउने कार्य गर्न कृषि ज्ञान केन्द्र झापा लागतमा ७५% अनुदान प्राप्त गरेको छ । लेजर ल्यान्ड लेभलरद्वारा सम्याइएको जग्गामा समूहले परम्परागत सामान्य हाते रोपण विधि तथा यान्त्रिक रोपाइँ प्रविधि प्रदर्शन कार्यक्रम संचालन गरेको छ। तुलनात्मक नतिजा प्राप्त गर्न अझै बाँकी रहे पनि यान्त्रिक प्रविधिमा सहभागी कृषकहरु निकै उत्साहित र आशावादी देखिन्छन् । यान्त्रिक विधिबाट रोपाइँ गरेको धान बोटमा औसत ३६ देखि ४० वटा सम्म गांज हालेको पाइएको छ जहाँ परम्परागत हाते रोपण विधिमा २४-२५ संख्यामा मात्र गांज हालेको कृषकहरू भन्दछन्। त्यसैगरी कृषकहरूले लेजर ल्याण्ड लेभलर द्वारा सम्याइएको खेतमा पानीको सक्षम उपयोग भएको, धानको बोट पनि राम्ररी बढेको, र एउटा बोट बाट धेरै गांजहरू आएकोमा खुशी छन् । शाखा नहर समिति—१४ र बालुबारी कृषक समूहका अध्यक्ष श्री फणिन्द्रप्रसाद भण्डारी भन्नु हुन्छ, “हाम्रो बालुबारी कृषक समूह आगामी दिनमा स्थानीय कृषकहरुका लागि प्रविधि हस्तान्तरण र प्रदर्शनीका लागि राम्रो स्रोत बन्ने र अन्य कृषकहरूलाई पनि खेतीबाट दिगो आम्दानीका लागि आधुनिक प्रविधिको प्रयोग गरी व्यावसायिक र सामूहिक खेती गर्नका लागि प्रोत्साहित गर्नेछ “। समूहको आगामी वर्षा र हिउद मौसमदेखि बजारमुखी कृषि पद्धतिलाई लागू गर्ने योजना छ ।

## अध्यक्ष गणेशबहादुर माहाराजीको पहलमा गौरादह नगरपालिकाको वडा नम्बर ९ मा पानी वितरण र व्यावसायिक कृषि प्रवर्द्धनमा सुधार



*शाखा समिति १७ अन्तर्गत प्रशाखा समितिका सदस्यहरुलाई सिंचाई सेवा शुल्क सङ्कलनमा सहयोग गर्नु हुदै श्री माहाराजी*

कन्काई सिंचाइ प्रणालीका नहरहरू पुराना , जीर्ण छन्, र कृषकहरुको खेतमा पानी वितरण गर्न आधारभूत सिंचाइ संरचनाहरू छैनन् भन्ने कुरा सबै जल उपभोक्ताहरू जानकार छन् । नियमित रुपमा सफाइ गर्नु पर्ने शाखा नहरहरु पर्याप्त श्रोतको अभावमा त्यसै रहेका छन् । TCP-PIAT को पहलमा नयाँ फिल्ड च्यानलहरू निर्माण गर्नु पर्ने र पुरानालाई मर्मत गर्नु पर्ने जिम्मेवारी प्रति उपभोक्ताहरु जानकार छन् तर श्रोतको अभाव चुनौतिको रुपमा रहेको छ । जल उपभोक्ता समितिको मुख्य स्रोत भनेको सिंचाइ सेवा शुल्क हो, जुन सिंचित क्षेत्रको आधारमा प्रत्येक जल उपभोक्ताबाट वार्षिक रूपमा सङ्कलन गरिन्छ। जल उपभोक्ताहरूको अनिच्छाका कारण सिंचाइ सेवा शुल्क सङ्कलन विगत पाँच वर्षको सङ्कलन दर र रकम हेर्दा हालका वर्षहरूमा घट्दै गएको छ, । गत निर्वाचन पछि गठन भएको वर्तमान मूल नहर समिति र शाखा नहर समितिहरूले पानी वितरण प्रणालीमा सुधार गर्ने, नहरहरूको समयमै सफाइ र मर्मत सम्भार गर्ने, सिंचाइ सेवा शुल्क सङ्कलन दर र रकम बढाउने लक्ष्य लिएका छन्। नहर समितिलाई सिंचाइ सेवा शुल्क सङ्कलन र पानी वितरण प्रणालीमा सुधारहरू बीचको अन्तरसम्बन्ध बारे राम्रो जानकारी छ जसले गर्दा समतामुलक पानी वितरण मार्फत सिंचाइ र कृषिलाई एकीकृत गर्न सकिन्छ ।

सबै शाखा नहर समिति र अध्यक्षहरू मध्ये शाखा नहर समिति १७ का अध्यक्ष गणेशबहादुर माहाराजीको प्रयास र पहल प्रशंसनीय छ। सिंचाइ सेवा शुल्क सङ्कलन शाखा नहर समिति सँग सम्बन्धित सामाजिक जिम्मेवारी हो भन्ने कुरा बारे उहाँ जानकार हुनुहुन्छ । शाखा नहर समिति १७ ले गत आ.व. २०७९/८० मा सिंचाइ सेवा शुल्क बापत रु ३६०००/-सङ्कलन गरेको थियो र यो रकम सो नहर समितिको बिगत ४ बर्षको सङ्कलन दर भन्दा बढी हो। उपरोक्त बाहेक, ज्यालादारी श्रमिक बिना शाखा नहर -१७ मा थुप्रिएको अत्यधिक बालुवा, फोहर सफा गर्न सम्भव नभएकोले श्री महाराजीको पहल र समन्वयमा शाखा नहर-१७ का केही खण्डको सफाइका लागि गौरादह नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP) बाट ज्याला बेहोर्ने गरि श्रमिकहरू समेत उपलब्ध गराएको छ । यसबाहेक, गौरादह नगरपालिकाले उहाँको अनुरोधमा शाखा नहर समितिलाई खेतको पानी निकासको लागि बिभिन्न साइजका २१ थान ह्युम पाइप उपलब्ध गराएको छ। उहाँको सामाजिक काम प्रतिको मेहनत र इमानदारीतालाई कदर गर्दै गौरादह नगरपालिकाका मेयरले उक्त समितिलाई सहयोग गरेको हो। यसका अतिरिक्त , उहाले आफ्नो शाखा नहर १७ का केही खण्डहरु मर्मत गर्न कन्काई सिंचाइ व्यवस्थापन कार्यालयबाट समेत सहयोग प्राप्त गर्नु भएको छ । उहाँका प्रतिबद्धता, कार्यशैली र कामहरुलाई उहाँका शाखा नहरका उपभोक्ताहरूको समेत साथ् छ ।यसबाट पानी वितरण प्रणालीमा धेरै सुधार भएको छ । फलस्वरूप, आगामी वर्षहरूमा सिंचाइ सेवा शुल्क सङ्कलन दर र रकम बढ्नेमा उहाँ आशावादी हुनुहुन्छ । उहाँ भन्नु हुन्छ , "शाखा नहर १७ का जल उपभोक्ताहरू कृषि व्यावसायीकरण तर्फ लागेका छन्, बजारमुखी कृषि उत्पादनमा सक्रिय रूपमा सहभागी भइरहेका छन्, र उनीहरूको व्यवहारमा क्रमशः परिवर्तन हुँदैछ।" उहाँ स्वयं उदाहरणीय व्यावसायिक कृषक मात्र नभई वहाँबाट अन्य कृषकहरू पनि प्रेरित भएका छन् ।

## नहर संरक्षण र सिंचाइ सेवा शुल्क सङ्कलन अभियान २०८० मा स्थानीय सरकार क्रियाशील




*स्थानीय सरकार द्वारा जारी नहर संरक्षण र सिंचाई सेवा शुल्क सम्बन्धी सार्वजनिक सुचना*

सिंचाइ सेवा शुल्क नहरहरूको नियमित मर्मत सम्भारका साथै जल उपभोक्ता संस्थाको व्यवस्थापन र प्रशासनिक खर्चको लागि महत्त्वपूर्ण आर्थिक स्रोत हो। यसैले जल उपभोक्ता संस्थाले सिंचित क्षेत्रको आधारमा प्रत्येक जल उपभोक्ताबाट नियमित र समयमै सिंचाइ सेवा शुल्क सङ्कलनकार्य लाई प्राथमिकता दिएको छ । यद्यपि, जल उपभोक्ता संस्था केहि उपभोक्ताहरु द्वारा समयमै सिंचाइ शुल्क तिर्न अनिच्छुक देखिने, मूल नहर , शाखा/प्रशाखा/उपशाखा नहर मानव गतिविधिबाट बारम्बार अतिक्रमण भैरहेकोमा चिन्तित छ । चार स्थानीय सरकारका निर्वाचन क्षेत्र शिवसताक्षी , कमल, गौरादह र गौरीगञ्जका बासिन्दाको जीवन रेखाका रुपमा रहेका यी नहरको सहि उपयोग नहुनु चिन्ताको विषय हो । कतिपय स्थानहरूमा नहर डम्पिङ साइटहरूको रूपमा प्रयोग भएको छ भने कतै सडक जस्ता भौतिक पूर्वाधारहरू निर्माण क्रममा समन्वयको अभावले नहरको संरचनामा समेत असर परेको छ । यसैले कन्काई नहर जल उपभोक्ता संस्थाको मुख्य प्राथमिकताहरू नहरहरूको संरक्षण र सिंचाइ सेवा शुल्कको सङ्कलन सुनिश्चित भएको छ । यो संस्थाले यो वर्षदेखि मूल नहर समितिका उपाध्यक्ष श्री वेदनिधि अधिकारीको संयोजनमा नहर संरक्षण अभियान र सचिव श्री बाबुराम बस्नेतको संयोजनमा सिंचाइ सेवा शुल्क सङ्कलन अभियान २०८० गरी दुई छुट्टाछुट्टै दुइ अभियान सुरु गरेको छ । उहाँहरु दुबै स्थानीय सरकार , सामुदायिक विद्यालय र सार्वजनिक, निजी र सहकारी लगायतका प्रमुख सरोकारवालाहरूसँग समन्वय गर्ने लगायतका कार्यहरु गर्दै हुनु हुन्छ । श्री अधिकारी नहर संरक्षण सम्बन्धी गतिविधिहरूको निरीक्षण गर्नु हुन्छ र श्री बस्नेतले सिंचाइ सेवा शुल्क सङ्कलन मामिलाहरू हेर्नुहुन्छ । मूल समितिले यस्ता अभियानका लागि समितिहरू गठन गर्नुका साथै अभियानको गतिविधिको नियमित अनुगमन, आवश्यक निर्देशन दिने र प्रमुख सरोकारवालाहरूसँग समन्वय गर्ने जस्ता कार्यहरु गर्दै आएको छ ।

## कन्काई नहर जल उपभोक्ता संस्था मूल समितिका सचिब श्री बाबुराम बस्नेत आ.व. २०८०/८१ मा सिंचाइ सेवा शुल्क सङ्कलनको निर्धारित लक्ष हासिल हुनेमा बिश्वस्त

*(कन्काई नहर जल उपभोक्ता संस्था मूल नहर समितिका सचिव तथा सिंचाइ सेवा शुल्क सङ्कलन उपसमितिका संयोजक श्री बाबुराम बस्नेतसँग परियोजनाका जल उपभोक्ता संस्था विज्ञ श्री राम नारायण क्षेत्री द्वारा लिएको अन्तर्वार्ता)*



**१.हालका वर्षहरूमा सिंचाइ सेवा शुल्क सङ्कलनको दर र रकम घट्दै गएको छ । तपाईंको विचारमा, तपाईको संस्थाको शुल्क सङ्कलनको मुख्य चुनौतीहरु के हुन् ? किन जल उपभोक्ताहरु सिंचाइ सेवा शुल्क समयमै तिर्न आनाकानी गरेका होलान्?**

यो संस्था ले सामना गरेको सबैभन्दा ठूलो चुनौती भनेको जल उपभोक्ताहरूले आफ्नो माग तथा आवश्यकता अनुसार समयमै पानी नपाउनु हो। हामी सबैलाई थाहा छ कि यो सिंचाइ प्रणाली लगभग ४० बर्ष भन्दा वढी धेरै पुरानो हो । त्यसैले धेरै संरचनाहरूको मर्मत, सम्भार र प्रतिस्थापनको पर्खाईमा रहेका छन्। तर जल उपभोक्ता संस्था संग यी कार्यहरु गर्न आवश्यक श्रोतको अभाव छ । नहरहरूमा समुचित पानी वितरण सुनिश्चित गर्न धेरै अवरोध तथा चुनौतीहरू छन्। खेतमा पानी समयमै र आवश्यक मात्रामा नपुगेकै कारणहरुले विगतमा धेरै कृषकहरू नहर सफा गर्नुको औचित्य महसुस नगरेका र निस्क्रिय भएका हुन् ।सबै शाखा नहर समितिहरू समान रूपमा सक्रिय छैनन् । पानी वितरण प्रणालीमा सुधार गर्न र तिनीहरू शुल्क सङ्कलनमा ध्यान पनि दिने नगरेको पाईन्छ। कतिपय नहरहरु नवनिर्मित सडक र भौतिक पूर्वाधारहरूबाट अतिक्रमित छ, धेरै ठाउँमा घरायसी फोहोरहरु थुप्रिएर नहर उपयोग गर्न नसकिने अवस्थामा रहेका छन्।यस्ता क्रियाकलापहरूबाट सिंचाइ सेवा शुल्क उठाउन बाधा पुग्नेनै भयो ।

**२. के तपाईं यी परिस्थितिमा सुधार हुनेमा विश्वस्त हुनु हुन्छ ?**

अवश्य, म विश्वस्त छु। धेरै जल उपभोक्ताहरूले JICAको सहयोगमा संचालित TCP-PIAT को कार्यान्वयनवाट पानी वितरण प्रणालीमा उत्साहजनक रूपमा सुधारहरू भएको महसुस गरेका छन्। फिल्ड च्यानल निर्माणको काम अघि बढिरहेको छ, संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक सहयोग बढ्दै गएको छ । विभिन्न खण्डमा नहरहरूको मर्मत सम्भार सन्तोषजनक रूपमा भइरहेको छ। उपलब्ध सहयोग पर्याप्त नभए पनि सुधार देखिन थालेको छ । जल उपभोक्ता संस्था सक्रियतामा वृद्धि भएको छ। परियोजनाले सिंचाइ र कृषि निकायलाई एकै ठाउँमा ल्याएको तथा कृषकहरू बजारमुखी कृषि प्रणाली अपनाउन सहयोग र सेवा पाउन थालेका छन् ।

**३.यदि त्यसो हो भने, के यो आर्थिक वर्ष २०८०/८१ मा सिंचाइ सेवा शुल्क सङ्कलन दर र रकम वृद्धि हुन्छ त ?**

पक्कै, यो वर्ष सिंचाइ सेवा शुल्क सङ्कलन दर र रकम वृद्धि हुनेछ । हाम्रो संस्थाले राखेको सिंचाइ सेवा शुल्क सङ्कलन लक्ष्य करिब रु २४ लाख हासिल नहुने म कुनै पनि कारण देख्दिन। पानी वितरण प्रणालीमा हालैका सुधारहरू, विगतको वार्षिक चक्रीय सिंचाइ प्रणालीलाई तिन दिने/सासाहिक वितरण प्रणालीमा परिवर्तन गरेको, TCP-PIAT को सहकार्यमा कृषि ज्ञान केन्द्र र स्थानीय सरकारहरु द्वारा संचालित प्रविधि प्रदर्शन कार्यक्रमहरू तथा बजारमुखी कृषि प्रवर्द्धन सम्बन्धी गतिविधिहरूबाट जल उपभोक्ताहरू धेरै उत्साहित छन् ।अझै, कन्काई सिंचाइ व्यवस्थापन कार्यालयले जल उपभोक्ता संस्था सँग को समन्वयमा सिंचाइ सेवा शुल्क सङ्कलनकर्ताहरूलाई प्रशिक्षण समेत प्रदान गरि सकेको छ ।हाल सिंचाइ शुल्क सङ्कलन कार्य तिव्र रूपमा अघि बढेको छ । म विश्वस्त छु यस्ता सुधारात्मक र अग्रगामी गतिविधिहरूका कारण संस्था ले यो वर्ष आफ्नो सिंचाइ सेवा शुल्क सङ्कलन लक्ष्य पक्कै हासिल गर्नेछ।



शिवसताक्षी, जनता स्थित ज.उ.स.को सभा भवनमा मिति २०८० चैत्र २१ मा सम्पन्न परियोजनाको संयुक्त समन्वय समितिको ५ औं बैठक को दृश्य




शिवसताक्षी नगरपालिकाको बैठक कक्षमा मिति २०८० फागुन ४ मा बसेको परियोजना कार्य टोलीको १८ औं बैठकको दृश्य



गौरादह नगरपालिकाका मेयर द्वारा गौरादहमा ट्रान्सप्लान्टर मेशिन द्वारा धान रोपाईको उदघाटन




ट्रान्सप्लान्टर मेशिन द्वारा धान रोपाईको लागि गौरीगञ्ज १ का कृषक द्वारा प्लाष्टिक ट्रे मा राखिएको चैते धानको बिउ



शाखा नहर समितिका अध्यक्षहरुलाई गौरादह ९ स्थित शाखा नहर -२० मा परियोजना द्वारा नहर सम्भार सम्बन्धि स्थलगत तालिम दिईदै



कोशी प्रदेशका सिंचाइ क्षेत्रका कर्मचारीहरुलाई परियोजना द्वारा कन्काई सिंचाइ व्यवस्थापन कार्यालयमा मिति २०८० माघ१९-२२ सम्म जी.आई.एस. सम्बन्धि तालिम संचालनको दृश्य



शाखा नहर ०४ का ढाल्पा द्वारा नहरमा सहज पानी संचालनका लागि नहरको झार, बिरुवा सफा गर्दै



गौरादह नगरपालिका द्वारा नहर संरक्षण तथा सिंचाइ सेवा शुल्क सङ्कलन सम्बन्धि छलफल गर्न गौरादह -९ का अध्यक्षको अध्यक्षतामा सरोकारवालाहरुको आम भेलाको दृश्य